लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

घोराही, दाङ

पत्र संख्या :योजना/ ०८२/८३

चलानी नं :

## सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम सम्बन्धि सूचना

*(प्रथम पटक प्रकाशन भएको मितिः २०८३/०१/२२)*

चालु आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सहकारी तथा गरिबी निवारण कार्यक्रम अन्तरगतको **सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम** संचालन गर्नु पर्ने भएकोले सहभागी हुन इच्छुक कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात (मिति २०८३/०२/०५ गते सम्म) यस केन्द्रमा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट dang.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०८२-५६००२५/९८५७८४५७२५ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने बेहोरा जानकारी गराईन्छ।

**तपसिल**

| कार्यक्रम | क्रियाकलापहरू | न्यूनतम मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|
| सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम | सहकारी संघ/संस्थाहरु मार्फत कृषि/पशुपन्छी जन्य उत्पादन, प्रशोधन, बजारिकरणसंग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औजार उपकरण, सामाग्रीमा सहयोग | सहकारी संघ/संस्थाहरुले कार्ययोजनासहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने।<br>दर्ता भएको मितिले २ बर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु हुनुपर्ने।<br>कम्तीमा २ लाख सम्मको लागतको प्रस्ताव पेश गर्नुपर्ने। | सहकारी संघ/संस्थाले पेश गरेको प्रस्तावको कूल रकमको ५० प्रतिशत वा अधिकतम रु ५ (पाँच) लाख सम्म जुन कम हुन आउँछ सो रकम प्रदान गरिनेछ। |

०८३/१/२२

(प्रमुख)

बाली संरक्षण निर्देशक

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. अनुसूची-२३ बमोजिमको आवेदन फारम,
२. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-२६ बमोजिम) ।
३. कार्यसमितिको निर्णयको प्रतिलिपि ।
४. सम्बन्धित निकायमा कृषि सहकारीको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
५. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
६. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
७. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ बर्षको सम्झौतानामा।



Scanned with CamScanner